स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'डल्लेले इन्ट्री मान्या'को शीर्ष भूमिकामा मोडल तथा थिएटर आर्टिष्ट रोशनी खड्का अनुबन्ध भएकी छिन्। राजु गिरीको निर्देशनमा बन्ने चलचित्रमा रोशनीलाई दर्सैको अवसर पारेर अनुबन्ध गरेको हो। 'मिस नेपाल २०२५'मा अडिसन दिएको एउटा भिडियो क्लिप्स सार्वजनिक भएपछि चर्चामा आएकी रोशनीलाई 'डल्लेले इन्ट्री मान्या' मा चर्चित हाँस्य कलाकार सागर लम्साल (बले) को जोडीका रूपमा देख्न पाइनेछ।

**आजको विचार...**



सामाजिक... (दुई पेजमा)

भीम भुर्तेल



चलचित्र 'हरिबहादुरको जुत्ता' सेन्सर पास भएको छ। केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) ले चलचित्रलाई युनिभर्सल सर्टिफिकेट दिँदै सेन्सर पास गरेको हो। अब यो चलचित्र सबैले उमेर समूहका दर्शकले हेर्न पाउनेछन्। दीपेन्द्र के खनालद्वारा निर्देशित चलचित्रमा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियङ्का कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल कमलमणि नेपाल लगायतका कलाकारको अभिनय छ। चलचित्र दर्सैको फूलपाती (असोज १३) गतेबाट प्रदर्शनमा आउँदै छ।

❐ वर्ष ३१ ❐ अंक ६९ ❐ २०८२ असोज ८ गते बुधबार 24 September 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# जिल्लाको शान्ति सुरक्षा कायम गर्न सबै पक्षसँग सहकार्य गर्छु : प्रहरी उपरीक्षक थारु

**कृष्ण पोखरेल**

**पाल्पा,** असोज ७/जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक दिपेन्द्र पञ्जियार थारुले जिल्लाको शान्ति शुरक्षा कायम गर्न सबै पक्षसँग समन्वय, सहकार्य गरेर काम गर्ने बताएका छन् । काठमाडौंबाट सरुवा भई पाल्पा आएका उनले मंगलबार पाल्पाली पत्रकारहरुसँगको अन्तर्क्रियामा यस्तो बताएका हुन् ।

उनले भने "म यहाँ आएपछि पाल्पाको वस्तुस्थिती बारे जानकारी लिएको छु, देशको पछिल्लो अवस्थालाई मध्य नजर गरी नागरिकहरुको शान्ति सुरक्षा कायम गर्न पूर्ण प्रतिवद्ध भएर लाग्ने छु ।" अपरिचित व्यक्तिहरु देखेमा, सोधपुछ गर्ने शंका लागेमा नजिकको प्रहरीमा खबर गर्न प्रहरी उपरिक्षक थारुले आग्रह गरे । उनले भने "अहिले कारागारमा करिव आधा कैदी बन्दीहरु फरार छन्, चाडवाड



शुरु भएको छ, हरेका स्थानमा अपरिचित व्यक्तिहरु देखेमा, सोधपुछ गर्ने शंका लागेमा नजिकको प्रहरीमा खबर गर्नु होला । हामिले नागरिकको जिउधनको सुरक्षाको लागि शंकास्पद व्यक्तिहरु माथि निगरानी तथा सोधपुछ अभियान सञ्चालन गरेका छौ, यो अभियान पाल्पालीहरुकै शान्ती सुरक्षा कायम गर्नको लागि थालिएको हो ।" उनले नक्कली, प्रहरी, सेना बनेर चोरी, लुटपाट गर्ने सम्मका गतिविधी पनि यदाकदा हुने गरेको भन्दै सर्वसाधारणले पनि परिचय तथा कागजात चेक गरेर मात्र कामको लागि अनुमती दिन प्रहरी उपरिक्षक थारुले सर्वसाधारणमा अनुरोध गरेका छन् । सर्वसाधारणको गुनासोका आधारमा प्रहरी आचरण विपरित कार्य गर्ने विभिन्न चौकीका प्रहरीहरुलाई जिल्ला झिकाएर अनुशासनको कारवाही गरेको बताउदै प्रहरी उपरिक्षक थारुले कहि कतैबाट प्रहरीले प्रहरी आचरण विपरित गतिविधी गरेमा सिधै ९८५७०९५५५५ मा सम्पर्क गर्न आग्रह समेत गरे । उनले चाडपर्वको अवसरमा कालोबजारी, मुल्यबृद्धि गर्ने पक्षहरुको सूक्षम तरिकाबाट निगरानी बढाएको बताए । प्रहरीसँग पर्याप्त श्रोत साधन नहुँदा ग्रामीण भेगका चौकीहरुलाई काम गर्न अफ्ठ्यारो परेकाले स्थानीय सरकारसँग इन्धन मागेर जनताको कामलाई छिटो छरितो बनाउने गरेको प्रहरी उपरिक्ष थारुले बताए । प्रहरीको श्रोत साधन अभावको विषयमा केन्द्रमा निरन्तर छलफल र कुराकानी हुने गरे पनि समस्या समाधान नभएको उनले बताए । लामो समयदेखी रहस्यमै रहेको किशोर न्यौपने अपहरण काण्डको अनुसन्धानमा आफु लाग्ने प्रहरी उपरिक्षक थारुले बताए । चाडपर्वको समयमा चेकजाँच बढाउने र राजश्व काट्दा सबैले देख्ने स्थानमा राख्न पहल गर्ने उनको भनाईछ । जिल्ला भित्रिने र बाहिरीने नाकामा चेकजाँच बढाउने, विभिन्न किसिमका सूचना संकलनलाई चुस्त दुस्त बनाउने प्रहरी उपरिक्ष थारुले जोड दिए । कार्यक्रममा पत्रकारहरुले जिल्लाको ट्राफिक समस्या, बस्तु स्थिति, शान्ती सुरक्षा लगायतका विषयमा सुझाव दिएका थिए । कार्यक्रममा प्रहरी नायव उपरिक्षक होमबहादुर चौधरी, प्रहरी निरिक्षक द्धय सन्दिप बेलबासे र कमल प्रधानले जिल्लाको शान्ति सुरक्षा अमन चयनको लागि कार्यालय प्रमुखको योजनालाई सफल बनाउने बताए ।

## संक्षिप्त समाचार

### डुबेर तीन जनाको मृत्यु



**पाल्पा,** असोज ७/देशका विभिन्न स्थानमा डुबेर तीन जनाको मृत्यु भएको छ । नवलपरासी र सप्तरीका छुट्टाछुट्टै स्थानमा डुबेर तीन जनाको ज्यान गएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । नवलपरासी पशि्रुचममा एक जना पुरुषको डुबेर ज्यान गएको छ । यहाँको पाल्हीनन्दन गाउँपालिका-४ लोहरौलीका ३५ वर्षीय जोगेन्द्र केवटको आफ्नै घरको पानी ट्याङ्कीमा डुबेर मृत्यु भएको हो । डुबेर अशक्त भएका उनको जिल्ला अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सप्तरीको सुरूङगा नगरपालिका-२ हर्दिया बस्ने सुरेन्द्र चौधरीकी छोरी ७ वर्षीया सुस्तिका चौधरी र केशर चौधरीको छोरी ११ वर्षीया आश्की चौधरीको सोही ठाउँस्थित पोखरीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको छ । सबै घटनाको विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


## हुलाक सेवालाई प्रवर्द्धन गरौं ।

सूचना तथा सन्देश पुऱ्याउने भरपर्दो माध्यम हुलाक सेवा हो ।

-सुरक्षित र भरपर्दो रुपमा वस्तुको ओसार पसार गर्ने,

-चिठीपत्र, पार्सल, द्रुत डाँक सेवा सुरक्षित र समयमै पुऱ्याउने,

-दैनिक जीवनमा सहजता ल्याउने,

-प्रविधिसँगै आधुनिकतातर्फ उन्मुख,

-हुलाक सेवाको उपयोग गरौं,

-स्थानीय तहमा रहेको हुलाक, जिल्ला हुलाक, गोश्वरा हुलाक कार्यालयमार्फत हुलाक सेवा लिन सकिन्छ ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# रामपुरमा सार्वजनिक जग्गा व्यवस्थित गरिँदै

**सुशीला रेग्मी/रासस**

**रामपुर(पाल्पा),** असोज ७ /सार्वजनिक जग्गा नागरिकको साझा सम्पत्ति भए पनि व्यक्तिगत रूपमा लाभ उठाउने कार्य भइरहेको छ । व्यक्तिगत प्रयोजनका लागि सार्वजनिक जग्गा हडपेर भोगचलन गर्ने कार्य कायमै छ । उद्यान, चौतारी, सडक, धार्मिकस्थल, ताल, पर्यटन विकासलगायतका विकास नागरिक हितका हुन् । यस्ता कार्यमा चासो र चिन्तन भने कमै हुने गरेको छ । तर रामपुर नगरपालिकाले नागरिक हित र नगरको विकासका लागि व्यक्तिले वर्षौंदेखि भोगचलन गर्दै आएका सार्वजनिक जग्गा छुट्याएर विभिन्न संरचना निर्माणमा जोड दिएको छ ।

सार्वजनिक जग्गा संरक्षणका लागि नगर सरकार तदारुकताका साथ लागेको छ । नगरपालिकाले १० वटै वडामा रहेका सार्वजनिक जग्गा छुट्याउने कार्य गरिरहेको छ । हाललाई सबैभन्दा ठूलो मानव बस्ती रहेको वडा नं ५ मा मिचिएका सार्वजनिक जग्गा नाप नक्साङ्कन गरेर छुट्याइएको छ । रामपुर-५ भित्र पर्ने मटेरी ठूलोटार, इलाका प्रहरी कार्यालय, सानीअमराई क्षेत्र, बहखोला, भम्बक आर्मिक्याम्प, सिमलघारी बसपार्क, नहरअफिस, आयुर्वेद अस्पताल क्षेत्रमा रहेका सार्वजनिक जग्गा छुट्याउने कार्य भएको छ । यी क्षेत्रलाई व्यवस्थित बनाउँदै लगिएको छ । व्यक्तिले



सार्वजनिक जग्गा मिचेर भोगचलन गर्दै आएका जग्गा छुट्टयाएर पिल्लर गाड्ने, वृक्षरोपण, सडक, उद्यान निर्माण, सौन्दर्यकरणजस्ता काम भइरहेको वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले बताए । "वर्षौंदेखि व्यक्तिले भोगचलन गरेको जग्गा छुट्याएर काम गर्न चुनौती झेल्नुपऱ्यो, सार्वजनिक जग्गा अधिकरण गरेर व्यक्तिले लाभ लिएको जग्गा अहिले नाप नक्साङ्कन गरेर राखिएको छ", वडाध्यक्ष पोखरेलले भने, "नक्साअनुसार काम गरिएको छ, यस कार्यमा स्थानीयसँग धेरै विवाद सामना गर्नुपऱ्यो, अहिले हाम्रो वडामा सार्वजनिक जग्गा अतिक्रमण गर्ने समस्या समाधान भएको छ ।" मटेरी ठूलोटार क्षेत्रमा चारैतिर ३८ वटा पिलर गाडेर सार्वजनिक जग्गा छुट्याइएको छ । इलाका प्रहरी कार्यालय, रामतुलसी नमूना माविको खेलमैदान र व्यक्तिको विवादित बनेको जग्गा छुट्याएर वर्षौंदेखि समस्या समाधानका लागि पिलर गाडेर राखिएको छ । इलाका प्रहरी कार्यालयको पश्चिम क्षेत्रमा रहेको भान्साघर परिसरसम्म सार्वजनिक जग्गा रहेको पाइएपछि अब सो क्षेत्रमा नयाँ स्थायी संरचना बनाउन नपाउने गरी पिलर गाडेर जग्गा छुट्याउने काम सकिएको वडाध्यक्ष पोखरेल बताउन्छन् । व्यक्तिले अतिक्रमण गरेर प्रयोग गरेका सार्वजनिक जग्गालाई नाप नक्साङ्कन गरेर सो क्षेत्रमा अहिले मनोरञ्जन उद्यान, व्यायामशाला, सडक निर्माण तथा विस्तार, वृक्षरोपणजस्ता कार्य हुन थालेपछि रामपुरको स्वरुप फेरिँदै गएको छ । रामपुर नगरपालिकाले २०८० सालदेखि सार्वजनिक जग्गा संरक्षण अभियान थालेको हो । नगरपालिकाले बजेट नै विनियोजन गरेर यो कार्य गरिरहेको छ । नगरपालिकाले पहिलो र दोस्रो वर्ष पाँच-पाँच लाख, वडा नं ५ कार्यालयले वडाभित्रका सार्वजनिक जग्गा छुट्याउनका लागि पहिलो वर्ष एक लाख रकम विनियोजन गरेर काम गरेको वडाध्यक्ष पोखरेलले जनाए । नगरले राष्ट्रिय गौरवका योजनाबाट सार्वजनिक जग्गा छुट्याउने कार्य थालनी गरेको नगरप्रमुख रमणबहादुर थापाले बताए । नगर गौरवका योजना चलेका स्थानमा व्यक्तिले हडपेका सार्वजनिक जग्गामा बनेका संरचना हटाएर पर्यटन विकास, बालउद्यान, खेलमैदान स्तरोन्नति गर्दै सौन्दर्यकरण गर्दै लैजाने नगरप्रमुख थापा बताउन्छन् । "कसैले पनि व्यक्तिगत रूपमा आफूलाई लाभ लिने उद्देश्यले सार्वजनिक जग्गा अतिक्रमण गर्न पाइँदैन, त्यस्ता जग्गा पहिचान गरेर नगरपालिकाको हित हुने र सर्वसाधारण, समुदायले प्रत्यक्ष लाभ लिने खालका पूर्वाधार विकास गर्दै जान्छौं, सार्वजनिक जग्गा छुट्याउने कार्यलाई नगरले जोड दिएको छ", नगरप्रमुख थापाले भने । रामपुरभित्र रहेका सार्वजनिक र निजी जग्गा छुट्याउनुपर्ने र त्यसलाई वर्गीकरण गरी सार्वजनिक जग्गा संरक्षण गरिनुपर्ने नगरवासीको मागअनुसार काम भइरहेको छ । सार्वजनिक जग्गा संरक्षण अभियानमा नगरवासीले साथ दिएका छन् । पहिले नै गर्नुपर्ने काम नगर्दा अहिलेको अवस्थामा सार्वजनिक जग्गा संरक्षण गर्न अप्ठ्यारो परेको छ । रामपुरमा तत्कालीन गाउँ पञ्चायत र गाउँ विकास समितिले जग्गा बिक्री गर्न थालेपछि सार्वजनिक जग्गा व्यवस्थापनमा चुनौती थपिँदै आएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## चाडपर्व सुरु : सडक सुरक्षामा ध्यान देऊ

बहुसंख्यक नेपालीले मनाउने दसैं, तिहार तथा छठ जस्ता चाडपर्व घर आगनमा आइसकेका छन् । यस्ता पर्वको सामाजिक र धार्मिक पक्षका अतिरिक्त परिवारजनसँगको भेटघाट पनि मुख्य हिस्सा हुने गरेको छ । त्यसैले रोजगारीका लागि विदेश पुगेका हुन वा रोजगारी, पेशा, व्यवसाय र अध्ययनका लागि नै किन नहोस् सबै जना चाडपर्व मनाउन आ–आफ्नो घर फर्कंदै छन् । यस्तो बेला आफ्नो थलो पुग्ने हतार हुनु स्वाभाविकै पनि हो । त्यसैले त यतिबेला कोही यात्राका क्रममा बाटोमा छन् भने कोही यात्रा गर्ने तरखरमा छन् । कतिपय अझै टिकटको जोहो गर्दैछन् भने कतिपयचाहिँ चिनजानका तथा आफन्तको सवारीमा 'लिफ्ट' कुरेर बसेका छन् । तर, यो उत्साह र हतारबीच अप्रिय घटना नहोस् भन्नेबारे भने सदैव सचेत रहनु आवश्यक छ ।

यस्तो बेला सडक दुर्घटना बढी हुने गर्दछन् । कतै खाल्डा, कतै धुलाम्य सडकले सवारी साधन मात्र होइन ति सडकमा यात्रा गर्ने यात्रुहरु समेत प्रभावित भएका छन् । सडकको दूरावस्थाको कारण सडकमार्गको यात्रा अत्यन्तै कठिन बन्ने गरेको छ । धेरैका लागि दसैंमा गाडी नपाइएला कि, पाइएपनि समयमा र सुरक्षित रूपमा नपुगिएला कि भन्ने चिन्ता रहेका बेला सडकको दुरवस्थाका कारण भने पिरोलिन बाध्य बनाएको छ । यो अत्यन्त दुःखको कुरा हो । सडकमा खाल्डाखुल्डी भए पुरेर, एकतर्फी मात्र रहेका ठाउँमा दुईतर्फी आवागमन मिलाएर चाडपर्वमा सकेसम्म सहज रूपमा गाडी सञ्चालन हुने व्यवस्था मिलाउनु अहिलेको आवश्यकता हो । सवारी चाप अत्यधिक हुने दसैं–तिहारजस्ता ाडपर्वका बेला सडककै कारण ट्राफिक व्यवस्थापन जटिल बन्ने गर्छ । सडकमा सहज आवागमन भइरहोस् भनेर सरकारले सडकको मर्मतसम्भार नियमित रूपमा गर्नुपर्ने हो तर त्यस्तो पाइँदैन । आम जनमानस दिनहुँ हिंडडुल गर्ने व्यस्त सडकको सामान्य सुधार गर्न पनि सरकार उदासीन हुनु विडम्बनाको हो । साँघुरो सडक र अव्यवस्थित सवारी साधनका असुरक्षित सडक हुँदा बेला–बेला दुर्घटनाहरू भइरहन्छ । त्यस्ता दुर्घटनाले मानवीय तथा भौतिक क्षति बढिरहेको छ । सडक साँघुरो हुनु र सडक सुरक्षा नहुँदा यस्ता घटनाहरू धेरै हुँदै आएका छन् । दुर्घटना नहोस् भन्नका लागि समेत सडकलाई दुरुस्त राख्नुपर्छ । पर्वका बेला पहिरो वा अन्य कुनै कारणले सडक अचानक अवरुद्ध हुन जाँदा धेरै यात्रु अलपत्र पर्न सक्ने भएकाले आवागमन तत्काल खुलाउने गरी प्रवन्ध मिलाउन पनि आवश्यक छ । यसो भएमात्र दसैं सबैका लागि साँच्चै दसैं नै हुनेछ । हैन भने कतिपयका लागि दसैं दशामा परिणत हुने खतरा छ । त्यसैले यो अवस्थाबाट मुक्तिका लागि बेलैमा सचेत होऔं ।

### Opinion @ Social Network

जिन्दगिमा सबै पुगेकै छ
नपुगेको त त्यहीं पैसा
सपना र निन्द्रा हो पुराउँला नि कुनै दिन।

*(एलिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Alisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक करार उल्लंघन र नेपालको भविष्य



## भीम भुर्तेल

> *सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायमा सकारात्मक सन्देश प्रवाह गर्न सक्नुपर्छ । त्यसको लागि सरकारले तत्काल ठोस कदमहरू चाल्नुपर्छ । सर्वप्रथम, यो आन्दोलनको नेतृत्वकर्ताहरू र हुलदंगा, आगजनी र तोडफोडमा संलग्न व्यक्तिलाई कानूनी कारबाही थालेर अन्तर्राष्ट्रिय समुदायलाई नेपालमा शान्ति र स्थिरता कायम गर्न सरकारले ठोस कदम चाल्न थालेको सन्देश दिनुपर्छ ।*

आधुनिक राज्य व्यवस्थालाई एक सामाजिक करार मानिन्छ । सामाजिक करार भनेको यस देशका नागरिक, सरकार र विभिन्न सामाजिक समूहहरू बीचको एक प्रकारको लिखित सम्झौता हो, जसले समाजमा स्थिरता र शान्ति बनाइराख्छ । यस्तो सम्झौता संविधान र कानूनको रूपमा रहेको हुन्छ । हरेक नागरिकले आफ्नो सीप, श्रम, ज्ञान, जाँगर र उद्यमशीलता प्रयोग गरेर आफू र आफ्ना परिवारको सुखी र खुशी जीवन र सन्ततिको सुरक्षित भविष्य निर्माण गर्ने आधार तयार गरेको हुन्छ । यसमा कसले कति अवसर पायो वा पाएन भन्ने वितरण विषयमा छुट्टै बहस हुन सक्छ । नागरिकले कानूनको पालना गरेर सार्वजनिक र व्यक्तिगत सम्पत्तिको रक्षा गर्ने, राज्यले नागरिकको जीवन, सम्पत्ति र स्वतन्त्रताको रक्षा गर्ने सम्झौताको एक मुख्य दायित्व हो । वास्तवमा नागरिकले कानूनी सजायको डरले होइन अस्थिरता र अराजकताको डरले यस्तो करार मान्ने गर्छ । यस्तो सम्झौता उल्लंघन गर्नेलाई राज्यले निर्मम दमन गर्ने हो । त्यसैले थोमस हब्सले आफ्नो पुस्तक लेभियथनमा 'हिंसाको विवेकसम्मत प्रयोग नै राज्य हो' भनेका थिए । राज्यले बन्दुक किन्ने, चलाउन सुरक्षाकर्मी भर्ती गर्ने र आवश्यकता पर्दा गोली चलाउन आदेश पनि दिने गर्छ । भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको अराजकता र हुलदंगाले नागरिकको तर्फबाट यो सामाजिक करार गम्भीर रूपमा उल्लंघन गरेको छ । यसमा जेनजी आन्दोलनकारीको हुलदंगामा सिंहदरबार र शीतलनिवास सुरक्षा गर्ने जिम्मा पाएको सेनाले आगजनी गर्न दिएर यो सामाजिक करार राज्यका तर्फबाट पनि भंग गर्दै सामाजिक अराजकता, हिंसा र अस्थिरताको बीउ रोपेको छ, जसको प्रभाव अबको एक वर्षभित्र देशको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा स्पष्ट रूपमा देखिनेछ । यस लेखमा भविष्यमा हुनसक्ने ६ वटा प्रक्षेपणलाई आधार बनाएर तिनको सम्भावित प्रभाव र परिणामहरूको विश्लेषण गरिनेछ ।

पहिलो, लगानीमा कमी र आर्थिक गतिविधिमा आउने नाटकीय ह्रास हो । नेपालको अर्थतन्त्र सधैं सार्वजनिक, विदेशी र स्वदेशी निजी लगानीमा निर्भर रहेको छ । तर, हालको हुलदंगाले विदेशी लगानीकर्ताहरूमा ठूलो डर र अनिश्चितता पैदा गरेको छ । लगानीको लागि स्थिरता, शान्ति र विश्वसनीय नीति आवश्यक हुन्छ । जब देशमा हिंसात्मक प्रदर्शनहरू हुन्छन्, सरकारी सम्पत्तिमा आगजनी हुन्छ, निजी सम्पत्ति लुटपाट र तोडफोड हुन्छ, सामाजिक अस्थिरता बढ्छ तब कुनै पनि लगानीकर्ता जोखिम मोल्न तयार हुँदैन । एक महत्वपूर्ण कुरा भदौ २३ गते अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ एजेन्सीको प्रतिनिधिमण्डल नेपाल आएको थियो । त्यो टोली के धारणा बनाएर फर्क्यो होला ? त्यसै त नेपाल प्रत्यक्ष वैदेशिक लगानी र कुल गार्हस्थ्य अनुपातमा संसारमा सबैभन्दा कम लगानी भित्र्याउने देश हो । त्यसमाथि यो अवस्थाले विदेशी प्रत्यक्ष लगानीमा ठूलो कमी ल्याउने छ । नेपालमा जलविद्युत्, पर्यटन र सूचनाप्रविधि जस्ता क्षेत्रमा लगानीको सम्भावना भए पनि यस्ता अस्थिर घटनाले ती क्षेत्रमा लगानीको सम्भावनालाई कमजोर बनाउँछ । भएको लगानी पनि फर्किन्छ । दोस्रो, हालको यो अराजकताले नेपालमा रहेका स्वदेशी लगानीकर्तालाई पनि देश छोड्न बाध्य बनाउनेछ । पूँजी पलायनको समस्या नेपालको लागि नयाँ होइन, तर यस्ता घटनाले यो समस्यालाई थप गम्भीर बनाउनेछ । स्वदेशी लगानीकर्ताहरू पनि आफ्नो पूँजी सुरक्षित राख्न विदेशतिर पलायन हुन्छन् । उदाहरणका लागि, यदि कुनै व्यवसायीले आफ्नो उद्योग वा व्यवसायमा आगजनी वा क्षति हुने डर महसुस गर्छ भने उसले आफ्नो पूँजी अन्यत्र सार्नेछ । यो सामान्य नियम नै हो । लगानीमा कमी आएपछि आर्थिक गतिविधि ठप्प हुनेछन् । उद्योग धन्दाहरू बन्द हुनेछन् । रोजगारीका अवसरहरू घट्नेछन् र बेरोजगारी बढ्नेछ । नेपालको सानो अर्थतन्त्रमा पूँजी पलायनले ठूलो प्रभाव पार्छ । जब ठूला व्यवसायीहरूले आफ्नो सम्पत्ति विदेशमा स्थानान्तरण गर्छन्, तब देशको बैंकिङ प्रणालीमा तरलताको कमी हुन्छ । यसले ब्याजदरमा वृद्धि, कर्जाको अभाव र आर्थिक संकटलाई निम्त्याउँछ । यो अवस्थाले गरिबी र सामाजिक असमानतालाई थप गहिरो बनाउनेछ । विशेषगरी, युवा पुस्तामा बेरोजगारीको समस्या बढ्दा उनीहरूमा असन्तुष्टि र आक्रोश बढ्नेछ, जसले थप सामाजिक अपराध, द्वन्द्व, अस्थिरताको जोखिम निम्त्याउनेछ । तीन, नेपाली आप्रवासी श्रमिकमाथिको प्रभाव अत्यधिक पर्नेछ । नेपालका लाखौं युवा खाडी मुलुक, मलेसिया र दक्षिणकोरिया जस्ता देशमा श्रमिकको रूपमा कार्यरत छन् । यी देशहरूले नेपाली श्रमिकहरूलाई सस्तो र भरपर्दो कामदारको रूपमा हेर्ने गर्दथे । तर, हालको नेपालभित्र भएको घटनाले विदेशमा रहेका नेपाली श्रमिकको छविलाई नकारात्मक बनाउने पक्का छ । यदि अन्तर्राष्ट्रिय समुदायले नेपाली युवालाई असामाजिक तत्व वा हिंस्रक देशबाट आएको रूपमा हेर्न थाले भने ती देशले नेपाली श्रमिकलाई रोजगारी दिन बन्द गर्न सक्छन् । यसले नेपालको रेमिट्यान्समा ठूलो धक्का लाग्नेछ । उदाहरणका लागि, यदि खाडी मुलुक र मलेसियाले लाखौंको संख्यामा रहेका नेपाली श्रमिकलाई फिर्ता पठाउन थाले भने नेपालमा बेरोजगारी र आर्थिक संकट झनै गहिरिनेछ । ती देशका दृष्टिकोणमा नेपालीप्रति संशयले हेर्नु स्वाभाविक हो । यो अवस्थाले नेपालको रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई नराम्रोसँग लपेट्नेछ । नेपालको कुल गार्हस्थ्य उत्पादनको तुलनामा हेर्ने हो भने रेमिट्यान्सले ठूलो हिस्सा ओगट्छ । जसले दीर्घकालीन आर्थिक स्थिरतालाई कमजोर बनाउँछ । यो अवस्थाले सामाजिक अस्थिरतालाई थप बल पुर्‍याउनेछ, किनभने विदेशबाट फर्केका युवाले यहाँ रोजगारी नपाउँदा उनीहरूमा असन्तुष्टि र आक्रोश बढ्नेछ । चौथो, अन्तर्राष्ट्रिय भिसा नीतिमा नेपालीप्रति कडाइ हुने सम्भावना धेरै छ । केही देशले कडाइ शुरु गरिसकेका छन् । नेपालका धेरै युवा जापान, अमेरिका, क्यानडा, अष्ट्रेलिया र युरोपका विभिन्न देशमा अध्ययनका लागि भिसा लिएर जाने गर्दछन् । तर, हालको यो अराजकताले यी देशमा नेपालप्रति नकारात्मक धारणा बन्दै गएको छ । हाम्रो देशका जेलबाट करिब १२ हजार अपराधी भागेका छन् । यसरी भागेका अपराधी विदेश पुग्ने सम्भावना रहन्छ भनेर ती देश सजग बन्ने नौलो घटना होइन । प्रहरी कार्यालयसँगै फौजदारी अभिलेख जलेको कारण यी अपराधी सजिलै त्यहाँ पुग्न सक्छन् । साथै, यदि यी देशले नेपाली विद्यार्थीलाई हिंस्रक वा अस्थिर समाजबाट आएको आधारमा भिसा नीतिमा कडाइ गरे भने नेपाली विद्यार्थीले भिसा पाउने छैनन् । यो अवस्थाले विशेषगरी 'जेन-जी' पुस्ताकालाई नै प्रभाव पार्नेछ, किनभने उनीहरू नै विदेशमा अध्ययन गर्न जाने मुख्य उमेर समूह हुन् । यदि भिसा आवेदनहरू अस्वीकृत हुन थाले भने, धेरै युवाको सपना चकनाचूर हुनेछ । यसले उनीहरूमा ठूलो निराशा र आक्रोश पैदा गर्नेछ, जसले थप सामाजिक अस्थिरताको जोखिम बढाउँछ । पाँचौं विदेशमा रहेका विद्यार्थीमाथि पनि प्रभाव पर्ने सम्भावना छ । हाल विदेशमा अध्ययन गरिरहेका नेपाली विद्यार्थीलाई पनि यो घटनाको प्रभाव पर्न थालेको छ । जापानले प्रदर्शनमा सहभागी विद्यार्थी फर्काउन थालेको समाचार आएको छ । यदि अन्तर्राष्ट्रिय समुदायले नेपाललाई 'असुरक्षित वा हिंस्रक देश'को रूपमा हेर्न थाल्यो भने ती देशले नेपाली विद्यार्थीलाई फिर्ता पठाउन सक्छन् । यो अवस्थाले नेपालको रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई ठूलो धक्का लाग्नेछ, किनभने विदेशमा अध्ययन गर्ने विद्यार्थीले पनि रेमिट्यान्स पठाउने गर्छन् । छैटौं, सामाजिक र राजनीतिक विद्रोहको सम्भावना सघन बन्दै जाँदो छ । माथि उल्लेख गरिएका परिदृश्य अनुसार, यदि विदेशबाट श्रमिक र विद्यार्थी फर्किन थाले भने नेपाल भित्रै भएका बेरोजगार युवाले नेपालमा ठूलो संख्यामा असन्तुष्ट युवाको जमात तयार गर्नेछन् ।

रोजगारी र आरामदायी जीवनको खोजीमा रहेको यो समूहले सम्भावनाका सबै ढोका बन्द देखेपछि आफ्नो भविष्यप्रति निराशा र आक्रोश व्यक्त गर्ने नै छन् । यस्तो अवस्थामा, उनीहरूले ठूलो विद्रोह गर्न सक्छन् जसले देशको राजनीतिक स्थिरतालाई थप कमजोर बनाउनेछ । एक हाइपोथेटिकल कुरा गरौं, यदि २० देखि २५ हजार हुल्लडबाजले सेनाको हेडक्वार्टरमाथि आक्रमण गरे भने सेनाले त्यो बेला गोली चलाउँछ कि चलाउँदैन ? गोली चलाए ठूलो संख्यामा मानवीय क्षति हुनेछ । त्यसले अहिलेको जस्तै अवस्था ल्याउने नै छ । यदि गोली नचलाई सेना मौन बसिदियो भने त्यसले राजनीतिक शून्यता सिर्जना गर्नेछ । यो दुवै अवस्थामा, विदेशी सेनाले 'मानवीय आधार'मा हस्तक्षेप गर्न सक्छन्, जसले नेपालको स्वायत्तता र स्वतन्त्रतामाथि नै प्रश्न उठाउनेछ । यस्तो अवस्थामा यो अन्तरिम सरकारको भूमिका महत्वपूर्ण रहेको छ । सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायमा सकारात्मक सन्देश प्रवाह गर्न सक्नुपर्छ । त्यसको लागि सरकारले तत्काल ठोस कदमहरू चाल्नुपर्छ । सर्वप्रथम, यो आन्दोलनको नेतृत्वकर्ताहरू र हुलदंगा, आगजनी र तोडफोडमा संलग्न व्यक्तिलाई कानूनी कारबाही थालेर अन्तर्राष्ट्रिय समुदायलाई नेपालमा शान्ति र स्थिरता कायम गर्न सरकारले ठोस कदम चाल्न थालेको सन्देश दिनुपर्छ । दोस्रो, तत्कालीन सरकारका प्रधानमन्त्री, गृहमन्त्री र रक्षामन्त्रीलाई यस घटनाको जवाफदेही बनाउनुपर्छ । त्यस्तै सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी प्रमुख, मुख्यसचिव, गृहसचिव र रक्षासचिवलाई तत्कालै बर्खास्त गर्नुपर्छ । उनीहरूमाथि पारदर्शी तवरले अनुसन्धान गरी न्यायको कठघरामा उभ्याउनुपर्छ र जवाफदेही बनाउनुपर्छ । विगतमा भएका दण्डहीनताले भदौ २३ र २४ को घटना दोहोरिएको हो । फेरि पनि दण्डहीनताले निरन्तरता पाइरहने हो भने यस्ता घटना दोहोरिरहन्छन् । यसले देशको अस्तित्व नै खतरामा पर्नेछ ।

*–अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिवारबाट सहयोग मिल्नेछ। व्यापारीहरूलाइ चुनौती मिल्नेछ। | **तुला** : स्वास्थ्यलाई लिएर विशेष सजग रहनुहोला। मन अशान्त रहनेछ। |
| **वृष** : सन्तान पक्षबाट शभु सचूना मिल्नेछ। प्रेम सम्बन्ध समु धरु रहनेछ। | **वृश्चिक** : अतिरिक्त जिम्मेवारी मिल्नेछ। राजनीतिक क्षेत्रमा कामको चर्चा हुनेछ। |
| **मिथुन** : नयाँ कामले गर्दा दिनचर्यामा बदलाव आउनेछ। उत्साहमा वृद्धि होला। | **धनु** :कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। प्रयत्न गर्दा राम्रो अवसर हात लाग्नेछ। |
| **कर्कट** : आर्थिक पक्ष सबल रहनेछ। घरभन्दा बाहिर समय धेरै व्यतीत हुनेछ। | **मकर** : धर्म कर्ममा प्रवृत्त भइएला। उच्च शिक्षामा नयाँ अवसर प्राप्त हुनेछ। |
| **सिंह** : कार्यक्षेत्रमा योजनाहरू कोरिनेछन्। व्यापार व्यवसायमा लाभ रहनेछ। | **कुम्भ** : आकस्मिक धनहानिका योग छन्। सवारी साधन चलाउँदा सावधान रहनुहोला। |
| **कन्या** : भौतिक संसाधन जुटाउने योग छ। मध्य स्वादिष्ट भोजनको आनन्द मिल्ला। | **मीन** : साझेदारी व्यापारमा लाभ र हनेछ। जीवनसाथीको सहयोग पाइनेछ। |

## कला मनोरञ्जन

# चार्ली कर्कबारे टिप्पणीपछि निलम्बित जिमी किमेलको कार्यक्रम फर्कँदै




अमेरिकी कमेडियन जिमी किमेलको लोकप्रिय 'लेट-नाइट' टक शो निलम्बनपछि मंगलबारदेखि पुनः प्रसारणमा आउने भएको छ । दक्षिणपन्थी इन्फ्लुएन्सर चार्ली कर्कको मृत्युसँग जोडेर गरेको ठट्टाका कारण उनको कार्यक्रमलाई निलम्बन गरिएको थियो । जिमी किमेलको कार्यक्रम प्रसारण गर्ने अमेरिकी नेटवर्क एबीसीको स्वामित्वमा रहेको डिज्नीले सोमबार 'केही टिप्पणीहरू अनुपयुक्त र असंवेदनशील' भएकाले किमेललाई निलम्बन गर्ने निर्णय गरिएको स्पष्टिकरण दिएको थियो । डिज्नीले 'जिमीसँग विगत केही दिनदेखि भएको कुराकानीपछि मंगलबारदेखि शो फर्काउने निर्णयमा पुगेको' जानकारी दिएको छ । किमेलको निलम्बन अमेरिकी संघीय टेलिभिजन नियामकले एबीसीको प्रसारण इजाजतपत्र खारेज गर्ने धम्की दिएपछि भएको थियो, जसले गर्दा देशभर वाक् स्वतन्त्रताबारे बहस चुलिएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले किमेलको निलम्बनलाई स्वागत गर्दै नकारात्मक कभरेज गर्ने केही टेलिभिजन नेटवर्कको इजाजतपत्र खारेज गर्नुपर्ने सुझाव दिएका थिए। यद्यपि, सोमबार ह्वाइट हाउसमा पत्रकारले किमेलको कार्यक्रम पुनः सुरु हुने विषयमा सोधेको प्रश्नमा उनले कुनै टिप्पणी गरेनन् । यस घटनापछि अमेरिकाको सबैभन्दा ठूलो एबीसी सम्बद्ध समूह सिनक्लेयरले 'जिमी किमेल लाइभ' को सट्टामा समाचार कार्यक्रम प्रसारण गर्ने बताएको छ । उसले 'कार्यक्रमको सम्भावित पुनरागमनबारे एबीसीसँग छलफल जारी रहेको' बताएको छ । सिनक्लेयरले यसअघि नै किमेलको टिप्पणीलाई 'हाम्रो देशको लागि एक महत्त्वपूर्ण क्षणमा अनुपयुक्त र गहिरो रूपमा असंवेदनशील' भनेको थियो। यस्तै, अर्को ठूलो टेलिभिजन स्टेशनको मालिक नेक्स्टार मिडियाले पनि 'निकट भविष्यमा किमेलको कार्यक्रम प्रसारण नगर्ने' बताएको थियो । यसैबीच, आलोचकहरूले एबीसीको निलम्बनको निर्णयलाई अभिव्यक्ति स्वतन्त्रताको हनन र सेन्सरसिप भनेर आलोचना गरेका थिए । किमेलले सन् २००३ देखि यो कार्यक्रम चलाइरहेका छन् र उनले चार पटक ओस्कार समारोह पनि सञ्चालन गरिसकेका छन् । हालसम्म उनले निलम्बन वा त्यसपछिको अवस्थाबारे कुनै सार्वजनिक टिप्पणी गरेका छैनन् । विवादको सुरुवात सेप्टेम्बर १५ मा किमेलको एक मोनोलोगबाट भएको थियो, जसमा उनले 'मागा ग्याङ' ले चार्ली कर्कको हत्या गर्ने व्यक्तिलाई आफ्ना मानिसबाहेक अरू देखाउन खोजिरहेको र यसबाट राजनीतिक फाइदा उठाउन खोजेको बताएका थिए । उनले ट्रम्पको प्रतिक्रियाको पनि मजाक उडाएका थिए । ट्रम्पद्वारा नियुक्त प्रसारण नियामक फेडरल कम्युनिकेसन्स कमिसन (एफसीसी) का अध्यक्ष ब्रेन्डन कारले किमेलको टिप्पणीका कारण एबीसी र यसको मूल कम्पनी डिज्नीविरुद्ध कारबाही गर्ने धम्की दिएका थिए । त्यसको केही घण्टापछि नै नेक्स्टारले किमेलको कार्यक्रम प्रसारण नगर्ने घोषणा गरेको थियो । पछि सिनक्लेयरले पनि सोही कदम चालेको थियो र एबीसीले किमेलको कार्यक्रमलाई 'अनिश्चित कालका लागि' निलम्बन गरेको थियो । एबीसीले किमेलबाट माफी र कर्कको गैरनाफामूलक संस्था 'टर्निङ पोइन्ट युएसए' मा दानको पनि माग गरेको थियो । किमेलको निलम्बनको निर्णयपछि क्यालिफोर्नियामा विरोध प्रदर्शनहरू भएका थिए। लेखक र कलाकार संघ, कानुन निर्माता र अमेरिकन सिभिल लिबर्टीज युनियन ( एसीएलयू) ले पनि निलम्बनको आलोचना गर्दै यसले अभिव्यक्ति स्वतन्त्रताको हनन गरेको बताएका थिए । जोन स्टुअर्ट, जोन ओलिभर, स्टेफेन कोलबर्ट, बेन स्टिलर, जेनिफर एनिस्टन, मेरिल स्ट्रिप र रोबर्ट डे निरो जस्ता सयौँ हलिउडका सेलिब्रेटीहरूले पनि किमेलको समर्थनमा हस्ताक्षर गरेका थिए । उनीहरूले यस निलम्बनलाई 'हाम्रो राष्ट्रमा अभिव्यक्ति स्वतन्त्रताको लागि एक अँध्यारो क्षण' भनेका छन् । केही आलोचकहरूले डिज्नीको यो निर्णयविरुद्ध डिज्नी, हुलु र अन्य डिज्नीको स्वामित्वमा रहेका सेवाहरू रद्द गर्न पनि आह्वान गरेका छन् ।

*-रातोपाटी डटकम*

# ओस्कार अवार्डमा नेपालबाट 'अञ्जिला' सिफारिस




'द एकेडेमी अफ् मोसन पिक्चर आर्ट्स एण्ड साइन्सेस (ओस्कार अवार्ड)' मा नेपालको प्रतिनिधित्व 'अञ्जिला' चलचित्रले गर्ने भएको छ । नेपालस्थित अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल)ले अमेरिकामा आयोजना हुने ९८औँ 'ओस्कार अवार्ड' मा 'अन्तर्राष्ट्रिय फिचर फिल्म' विधामा नेपालबाट 'अञ्जिला' चलचित्र सिफारिस भएको जानकारी दिएको हो । उक्त समितिका अध्यक्ष विमल पौडेलले प्राप्त चलचित्रमध्येबाट विषयवस्तु र कलात्मकता प्रस्तुति, त्यसले दिएको सन्देशलाई मध्यनजर गर्दै 'अञ्जिला' लाई प्रतिनिधित्व गराउने निर्णय भएको जानकारी दिए । उनले भने, 'चलचित्रको गहन मूल्यांकनपश्चात् प्राविधिक पक्ष, कथाको प्रस्तुति, चरित्रको भावनात्मक विश्लेषण र कलात्मक सिल्पलाई ध्यानमा राखेर हामीले चलचित्र छनोट गरेका हौँ ।' उनले ओस्कारमा प्रतिस्पर्धा गर्नका लागि दुई नेपाली कथानक चलचित्र 'गुन्यू चोलो (द ड्रेस) र 'अञ्जिला' प्राप्त भएको जानकारी दिए । चलचित्र अञ्जिला नेपाली महिला फुटबल टिमकी गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित छ। खेलाडी सुब्बाले अभिनय गरेको चलचित्रलाई मिलन चाम्सले निर्देशन गरेका हुन् । उक्त चलचित्रका निर्माता प्रेमकुमार श्रेष्ठले खेलाडीका विषयमा बनेको चलचित्रले नेपालको तर्फबाट प्रतिनिधित्व गर्नु गौरवको विषय भएको बताए । 'नेपालले खेलमा राम्रो प्रगति गरिरहेको छ, सोही कारण हामीले खेलाडी सुब्बाको जीवनी र सैर्षलाई समेटेर चलचित्र तयार गरेका हौँ', उनले भने । यसले नेपालको सुन्दरतासँगै महिला खेलाडीको संघर्षपूर्ण यात्रा र सफलताको कथा समेटेको श्रेष्ठको भनाइ छ । यो अन्यका लागि प्रेरणाको स्रोत बन्ने उनले विश्वास व्यक्त गरे । चलचित्र अञ्जिलामा खेलाडी सुब्बासँगै दयाहाङ राई, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङलगायत कलाकारले अभिनय गरेका छन् । गत वर्ष नेपालमा प्रदर्शन भएको उक्त चलचित्रले घरेलु बजारमा रु नौ करोडको हाराहारीमा व्यापार गरेको निर्माण पक्षले जनाएको छ ।

*-डिसी नेपाल डटकम*

# टीनाले जितिन् मिसेस मंगोलको ताज



यस वर्षको मिसेस मंगोल नेपाल-२०२५ को ताज टीना आले कवर मगरले पहिरिन सफल भएकी छन् । निर्णायकको अन्तिम प्रश्नको सटिक उत्तरसँगै उनले चाँदीबाट बनेको ताज पहिरिन सफल भएकी हुन् । ताजसँगै उनले सन् २०२६ मा लण्डनमा आयोजना हुने एनएफइए अर्वाडका लागि इन्ट्री प्याकेजसमेत प्राप्त गरेकी छन् ।

कार्यक्रमको फस्र्ट रनरअपमा संगीता राना मगर र सेकेण्ड रनरअपमा शान्ति गुरुङ बन्न सफल भए । शनिबार राजधानीको ज्यापु प्रज्ञा भवनमा सम्पन्न सो कार्यक्रम मिसेस मंगोल श्रृंखलाको ११औँ संस्करण हो । हिमायलयन मुभीजद्वारा आयोजित कार्यक्रम मंगोलियन समुदायका विवाहित महिला समावेश हुने एक राष्ट्रियस्तरको सांस्कृतिक सौन्दर्य प्रतियोगिता हो । दशक लामो अनुभव संगालेकी फेसन कोरियोग्राफर हिमानी सुब्बाको प्रशिक्षणमा दर्जनबढी प्रतियोगीले व्यक्तित्व विकास, क्षमता अभिवृद्धि स्टेजको प्रस्तुतीकरण सँगसँगै आफ्नो सांस्कृतिक मूल्य मान्यताका विषयमा तालिम लिएका थिए । कोरियोग्राफर सुब्बाको प्रशिक्षणमा नै प्रतियोगीले सुन्दर ओपनिङ, डान्सका साथै आआफ्नो जातीय नृत्यसमेत प्रस्तुत गरेका थिए । सांस्कृतिक परिधानमा सजिएका मंगोलियन महिला आआफ्ना परम्परागत पोशाकमा निकै सुन्दर देखिएका थिए । वर्तमान समयको आधुनिक परिवेशलाई चिर्दै प्रतियोगीले आआफ्ना भाषामा परिचयात्मक चरण दिँदै फ्यूजन थीममा बेस्ट ड्रेस र अन्तमा कल्चरल फ्लेबरको इभिनिङ गाउनमा आफूलाई अब्बल सावित गर्ने प्रयास गरेका थिए । विविध मनोरञ्जनात्मक प्रस्तुति रहेको सो कार्यक्रममा पप गायक धिरज राईको प्रस्तुतिमा दर्शक झुमेका थिए भने अधिकांश दर्शकसमेत सांस्कृतिक पोशाकमा उपस्थित हुँदा कार्यक्रमको रौनक नै भिन्नै थियो । विविध सवटाइटलसमेत वितरण गरिएको कार्यक्रममा मोस्ट इन्टिलिजेन्ट टिना आले कवर मगर, मोस्ट डाइनामिक मौसमी गुरुङ, मोस्ट कन्फिडेन्ट संगीता रानामगर, मोस्ट डेडीकेटेड सरीता श्रेष्ठ, मोस्ट डिलीजेन्ट अनिता राई, मोस्ट स्मार्ट लक्षिता गुरुङ, मोस्ट डिसेन्ट सृजनादेवी श्रेष्ठ, मोस्ट एक्टिभ भावना घले, मोस्ट ग्रेसफुल प्रियतम सुब्बा, मोस्ट प्यासोनेट शान्ति गुरुङ, मोस्ट डिलाइटफुल सिता गुरुङ, वेस्ट ट्यालेन्ट धनु लिम्बु, वेस्ट फोटोजेनिक सजिना तामाङ, वेस्ट ड्रेस टीना आले कवर मगर, बेस्ट मल्टिमिडिया विनर मौसमी गुरुङ र मोस्ट पपुलर विनर सीता गुरुङ हुन सफल भए ।

कार्यक्रमको निर्णायकमा अभिनेता, चलचित्रकर्मी रमेश उप्रेती, कस्मेटोलोजिस्ट रेखा थापा मगर, मिसेस हिमालयन नेपाल-२०१४, अनिता गुरुङ, मिसेस मंगोल नेपाल २०२२ एवं सौन्दर्यकर्मी सम्झना तामाङ र मिसेस ग्लोबल नेपाल२०२५ तथा बैंकर इन्दिरा घिमिरे थिए । मंगोलियन समुदायका लोपोन्मुख कला, संस्कृति, भेषभूषा र भाषाको संरक्षण गर्दै आधुनिक समयमा त्यसको प्रवर्दन, महिलाको क्षमता र प्रतिभा प्रस्फुटनको समिश्रित स्वरुपको प्रस्तुति गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

*-हाम्रा कुरा डटकम*

# आँचलसँग रोमान्टिक अनमोल



चलचित्र 'जेरी अन टप'को गीत सार्वजनिक गरिएको छ । घटस्थापनाको अवसरमा सोमबार 'कस्तुरी' बोलको गीत सार्वजनिक गरिएको हो । आशिष गुवाजु र सदीक्षा कट्टेलको स्वर, रहेको गीतमा जयन जे वाइबाको शब्द रचना र संगीत छ । गीतको भिडियोमा अनमोल केसी र अभिनेत्री आँचल शर्मा फिचर्ड हुनुहुन्छ जसमा मुस्ताङदेखि भारतको राजस्थानका विभिन्न रमणीय दृश्य छन् । सुयोग गुरुङको निर्देशनमा तयार भएको 'जेरी अन टप'मा अनमोल र आँचलसँगै अभिनेत्री जसीता गुरुङ, केदार घिमिरे, भुवन केसी र उषा खड्गी प्रमुख भूमिकामा हुनुहुन्छ भने सुरक्षा पन्त विशेष भूमिकामा रहनुभएको छ । सरोज न्यौपानेको प्रस्तुतिमा तयार यो चलचित्रको निर्माणमा न्यौपानेसँग रोविन शेरचन, रामकृष्ण श्रेष्ठ र दीपक भण्डारीले साझेदारी गर्नुभएको छ । अनुराधा गिरी र ईश्वर श्रेष्ठ कार्यकारी निर्माता रहेको चलचित्रको एसोसिएट निर्मातामा नवीन घिमिरे, विवेक थापा र भविष्य खड्का हुनुहुन्छ ।

हेमराज बिसीको कथा रहेको यस चलचित्रमा विश्वास तिम्सिनाको पटकथा, दुलिप रेग्मीको छायांकन, जयन जे वाइबा, कालिप्रसाद बाँस्कोटा, जोहन चाम्लिङ राई र व्रिजेश श्रेष्ठको संगीत छ । 'जेरी अन टप'को यसअघि टिजर रिलिज भइसकेको छ । यो चलचित्र यही असोज ३१ गतेदेखि सिनेमाघरमा आउँदैछ ।

*-इहिमालय टाइम्स डटकम*

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरूको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

रेखा काम्मु — प्र.अ.
कोसल प्रसाद श्रेष्ठ — अध्यक्ष

**सारदा प्राथमिक विद्यालय परिवार**
माथागढी-४ झडेवा, गोफुङी मकले पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरूको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विष्णु बहादुर थापा — प्र.अ.

**बाल ज्योति प्राथमिक विद्यालय परिवार**
तानसेन-७, काजीपौवा, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली तथा छठ पर्व २०८२ को अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, सेवाग्राही तथा सम्पूर्ण नेपालीजनहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

कपेन्द्र गैरे — सचिव
शोभा शाक्य — निवर्तमान सभापति
विधान प्रसाद श्रेष्ठ — सभापति

**नेपाल क्षयरोग निवारण संस्था पाल्पा शाखा परिवार**
तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८२ को अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, सेवाग्राही तथा सम्पूर्ण नेपालीजनहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

रुक्मागत शर्मा — प्रोपाइटर

**संगम मेडिकल हल परिवार**
बढिङ्गनटोल, तानसेन, पाल्पा

## विजया दशमी २०८२ को शुभकामना

विजया दशमीको अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**सुरेन्द्र रायमाझी** — सचिव
**खेम कुमार थापा** — अध्यक्ष

**श्री काजीपौवा कृषि सहकारी संस्था लि.**
काजीपौवा, तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरूको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनी तथा कर्मचारी वर्गहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सम्झना मलेगो कोईराला — सचिव
गम्भीर रायमाझी — अध्यक्ष

**काजीपौवा सामुदायिक वन उपभोक्ता समिति परिवार**
तानसेन-७, काजीपौवा, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कमलराज तिमिल्सेना — सचिव
कृष्णप्रसाद गुराल — अध्यक्ष

**बगनासकाली बहुउद्देश्यीय सहकारी संस्था लि.**
बगनासकाली गाउँपालिका-८, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभदिपावली, छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण उपभोक्ता, सेवाग्राही, समितिका पदाधिकारी सदस्य, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विधान श्रेष्ठ — अध्यक्ष

**बर्तुङ खानेपानी तथा सरसफाई उपभोक्ता समिति**
तानसेन, बर्तुङ, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

हिन्दुहरुको महान् चाड विजया दशमी, शुभ दिपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा राजनीतिक दल, कर्मचारी, लुम्बिनी प्रदेशवासी आमाबुवा, दाजुभाइ, दिदीबहिनी तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरुमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**बिर बहादुर राना**
प्रदेश सभा सदस्य एवं पूर्व मन्त्री
लुम्बिनी प्रदेश

## हार्दिक मंगलमय शुभकामना

हाम्रा आदरणीय बुबाआमा, दाजुभाई, दिदीबहिनी तथा कार्यसमितिका पदाधिकारी, विभिन्न उपसमितिका पदाधिकारी, सल्लाहकार, उद्योगी, व्यवसायी शुभचिन्तकहरुमा विजया दशमी एवं शुभ दीपावलीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**शैलेन्द्र भट्टराई** — अध्यक्ष

**पाल्पा उद्योग वाणिज्य संघ परिवार**
तानसेन, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस्।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई